नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
# वैदेशिक रोजगार बोर्डको सचिवालय
बबरमहल, काठमाडौं

## कार्यक्रम अधिकृत तथा स्वयंसेवक कर्मचारी पदपूर्ति सम्बन्धी सूचना

(सूचना प्रकाशित मितिः २०८२।०४।०८

नेपाल सरकार, श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय तथा SDC सामी कार्यक्रमबीच भएको सम्झौतामा उल्लेख भए अनुसार सम्बन्धित स्थानीय सरकारहरूमा सुरक्षित आप्रवासन कार्यक्रमका क्रियाकलाप र सेवा सञ्चालनको प्रभावकारिता सुनिश्चित गर्नका लागि यस बोर्ड सचिवालय अन्तर्गत काठमाण्डौ उपत्यका तथा विभिन्न जिल्लामा कार्यान्वयन रहेको सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालनको लागि रिक्त रहेको कार्यक्रम अधिकृत(Program Officer) र आ.व. २०८२/०८३ को स्वीकृत कार्यक्रम बमोजिम बोर्ड सचिवालयको आवश्यकता अनुसार परिचालन गर्नका लागि स्वयंसेवकको लागि करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले इच्छुक योग्यता पुगेका उम्मेदवारबाट दरखास्त आव्हान गरिएको छ ।

तपसिलः

| सि.नं | विज्ञापन नम्बर | पद | न्यूनतम शैक्षिक योग्यता | माग संख्या | कार्यालय स्थान |
|---|---|---|---|---|---|
| १ | ०१/२०८२/०८३ | कार्यक्रम अधिकृत | स्नातक तह | ४ (चार) | बोर्ड सचिवालय तथा सचिवालयले तोकेको स्थान |
| २ | ०२/२०८२/०८३ | स्वयंसेवक कर्मचारी | माध्यमिक तह (१२ कक्षा उतीर्ण) | १२ (बाह्र) | बोर्ड सचिवालय तथा सचिवालयले तोकेको स्थान |

### कार्यक्रम अधिकृतको लागि न्यूनतम योग्यताः

(क) उमेर हदः २१-बर्ष उमेर पुरा भई ३५-बर्ष ननाघेको, महिलाको हकमा-४० वर्ष ननाघेको ।

(ख) परिक्षाको किसिमः Shortlist, लिखित परिक्षा, कम्प्युटर सीप परिक्षण र अन्तर्वार्ता ।

(ग) नेपाली नागरिकता, शैक्षिक योग्यता र अनुभवका प्रमाण पत्रको प्रतिलिपिमा आफै सक्कल बमोजिम नक्कल ठिक छ भनि प्रमाणित गरि हस्तलिखित निवेदन पेश गर्नु पर्नेछ ।

(घ) तलबः- नेपाल सरकारले तोकेको शाखा अधिकृत वा सो सरह तथा अन्य सेवा सुविधाहरु नियमानुसार हुनेछ ।

(ङ) प्रारम्भिक चरणमा छनौट भएका उम्मेदवारको परीक्षा सम्बन्धी अन्य तालिका पछि प्रकाशित गरिने छ ।

(च) छनौट प्रक्रियाः- सचिवालयको वेबसाईट www.feb.gov.np मा प्रकाशन भएको मापदण्ड एवं TOR बमोजिम हुनेछ।

(ट) कार्यक्रम अधिकृत पदको कार्यविवरण सचिवालयको वेबसाइटबाट डाउनलोड गर्न सकिनेछ।

(ज) दरखास्त पेश गर्नुपर्ने अवधि :- सूचना प्रकाशन भएको मितिले १५औं (पन्ध्रौं) दिनको कार्यालय समयभित्र । ।

(झ) आवेदन दस्तुर :- निःशुल्क आवेदन गर्न सकिने छ ।

स्थानः- वैदेशिक रोजगार बोर्डको सचिवालय, (प्रशासन, योजना तथा अनुगमन शाखा), कोठा नः १९, बबरमहल, काठमाडौं ।

### स्वयंसेवक कर्मचारीको लागि न्यूनतम योग्यताः

(क) श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गई मृत्यु/अंगभंग भएका, रोजगारीमै रहेका वा फर्किएका व्यक्ति र परिवारका सदस्यहरुले मात्र दरखास्त दिन सकिने छ ।

(ख) उमेर हदः २१-बर्ष उमेर पुरा भई ३५-बर्ष ननाघेको, महिलाको हकमा-४० वर्ष ननाघेको ।

(ग) परिक्षाको किसिमः Shortlist, कम्प्युटर सीप परिक्षण र अन्तर्वार्ता ।

(घ) नेपाली नागरिकता, शैक्षिक योग्यता र अनुभवका प्रमाण पत्रको प्रतिलिपिमा आफै सक्कल बमोजिम नक्कल ठिक छ भनि प्रमाणित गरि हस्तलिखित निवेदन पेश गर्नु पर्नेछ ।

(ङ) सेवा/सुविधा :- मासिक रुपमा रु. २५०००/- प्रदान गरिने छ ।

(च) कार्य अवधिः- २०८३ साल असार मशान्तसम्म रहनेछ ।

(च) छनौट प्रकृयाः Shortlist, कम्प्युटर सीप परिक्षण र अन्तर्वार्ता ।

(छ) दरखास्त पेश गर्नुपर्ने अवधि :- सूचना प्रकाशन भएको मितिले १५औं (पन्ध्रौं) दिनको कार्यालय समयभित्र ।

(झ) आवेदन दस्तुर :- निःशुल्क आवेदन गर्न सकिने छ ।

स्थानः- वैदेशिक रोजगार बोर्डको सचिवालय, (प्रशासन, योजना तथा अनुगमन शाखा), कोठा नः १४, बबरमहल, काठमाडौं ।

**थप जानकारी सचिवालयको फोन नं.:-०१-५३२०३११, ०१-५३२०४३३ वा श्रमाधान कल सेन्टर (११४१) बाट प्राप्त गर्न सकिनेछ ।**

कार्यकारी निर्देशक